# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**आदेश**

मु.नं. १५०/०७३/७४
निर्णय नं. १२१

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ वस्ने राजु ढकाल ..........................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालय......................................१ } विपक्षी
सूचना अधिकारी, साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालय ....................................१

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ वस्ने राजु ढकालले साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालय समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।२३ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्वन्धमा यस आयोगबाट पुनरावेदकलाई माग वमोजिमको सूचना उपलब्ध गराउनू भनी साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालयलाई मिति २०७३।०५।२८ मा आदेश भएको । उक्त आदेश कार्यान्वयनको लागि आयोगको च. नं. ४४७ मिति २०७३।०६।०२ को पत्रवाट लेखी गएको । तत् पश्चात साल्ट ट्रेडिङ्ग कम्पनी लि., केन्द्रीय कार्यालयको पत्र संख्या ०७३/०७४/११६ मिति २०७३।०६।१९ को पत्रबाट पुनरावेदकलाई माग वमोजिमको सूचना उपलब्ध गराएको जानकारी लेखी आएको र पुनरावेदकले पनि माग वमोजिमको सूचना पाएकोले लगतकट्टा गरिदिनु भनी हस्ताक्षर गरेकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि वाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर १ गते रोज ४ शुभम् ।